माथागढी गाउँपालिकाको

प्रारम्भिक

# आ.व. ०७८/७९ को

# वार्षिक बजेट, योजना तथा कार्यक्रम

प्रस्तुतकर्ता:- निर्मला भट्टराई

सभामा पेश गरेको मिति:-२०७८ असार ९ गते बुधबार

Document 12_2.jpg

श्रीमान् यस गरिमामय नवौं गाउँसभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू एवं सम्पूर्ण अतिथिज्यूहरु

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को मूल मर्म र भावना बमोजिम संघीय शासन पद्धतीको अवधारणा अनुरुप स्थापना भएको यस माथागढी गाउँपालिकाको ९औं गाउँसभा समक्ष आ.व. २०७८/०७९ को वार्षिक बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरेको छु।

२. यस गरिमामय नवौं गाउँसभाको अवसरमा सर्वप्रथम राष्ट्र र जनताको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु।हाम्रो गाउँपालिकाको विकासमा अहोरात्र खटिनुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, सम्पूर्ण राजनैतिक दलका प्रतिनिधीहरु, समाजसेवी, बुद्धिजिवीहरु, राष्ट्रसेवकहरु, पत्रकारहरु एवं सम्पूर्ण माथागढीवासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक आभार एवं धन्यवाद टक्र्याउन चाहन्छु । हामी सबैको प्रयासका कारण नै हामीले सिमित श्रोत र साधनका बावजुद उल्लेख्य उपलब्धी हासिल गर्न सकेका छौं । यसका लागि म प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान गर्नुहुने सम्पूर्ण प्रति नतमस्तक छु ।

३. न्यून करका दरहरु, संकुचित करका दरहरु एवं सिमित श्रोतका क्षेत्रहरु भएका कारण हाम्रो अन्तरिक श्रोत अपेक्षाकृत रुपमा समुन्नत हुन सकेको छैन । तसर्थ हाम्रो बजेट, योजना तथा कार्यक्रम संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने योगदानमा निर्भर हुने गरेको छ । हाम्रा आवश्यकता एवं मागहरु अनन्त छन् । तर साधन श्रोतको उपलब्धता सिमित छ, तसर्थ प्राथमिकताका आधारमा कार्यक्रम तथा योजनाहरुलाई छनौट गरी ती योजना तथा कार्यक्रमहरुलाई सम्पन्न गर्नका लागि बजेट विनियोजन गरेका छौं। तथापी अन्य आवश्कताहरुलाई पनि क्रमशः आगामी वर्षहरुमा पूरा गर्दै जाने समेत प्रतिवद्धता व्यक्त गर्दछु ।

श्रीमान् गाउँसभाका अध्यक्षज्यू,

प्रमुख अतिथिज्यू,

अतिथीज्यूहरु

४. अव म आ.व. ०७८/७९ को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको प्रस्तावित अनुमान प्रस्तुत गर्दछु ।

५. अगामी अ.व. ०७८/७९ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ५५ करोड ८५ लाख ८८ हजार ४ सय ३४ विनियोजन गरिएको छ । कुन विनियोजन मध्ये चालु तर्फ रु. ३१ करोड ६७ लाख ३४ हजार अर्थात ५६.७ प्रतिशत र पुँजीगत तर्फ २४ करोड १८ लाख ५४ हजार अर्थात ४३.३ प्रतिशत रहेको छ ।

६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. ३९ करोड १३ लाख (जसमा संघीय सरकारबाट समानिकरण अनुदान तर्फ रु. १० करोड ७९ लाख, ससर्त अनुदान तर्फ रु. २५ करोड १० लाख, समपुरक अनुदान तर्फ २ करोड ८ लाख र विशेष अनुदान तर्फ १ करोड १६ लाख मात्र) एवं लुम्विनी प्रदेश सरकारबाट सामानिकरण अनुदान तर्फ ५० लाख ८ हजार, सशर्त अनुदान तर्फ १ करोड ४५ लाख ४४ हजार, समपुरक अनुदान तर्फ १ करोड ५० लाख मात्र । एवं राजश्व बाडफाँडबाट ९ करोड ७ लाख ३६ हजार ४ सय ३३ (संघीय सरकारबाट ८ करोड २० लाख २३ हजार एवं प्रदेश सरकाबाट ८७ लाख १३ हजार ४ सय ३३, आन्तरिक श्रोतबाट ४ करोड १७ लाख र अन्य आयबाट ३ लाख खर्च व्यहोरिने छ ।

nail.google.com/mail/u/0/?tab=rm&ogbl#inbox/FMfcgzGkXwNcSbLJFnlHrnFdCcnfGsnM?projector=1&messagePartId=0.2 1/1

७. प्रस्तुत बजेट योजना तथा कार्यक्रम आफैमा पूर्ण छैन । यसलाई पूर्णता दिनको लागि यसको सफल कार्यान्वयन गर्नुपर्ने हुन्छ । जसका लागि हामी सम्पूर्ण माथागढीवासीहरु एक जुट भएर आगाडी बढ्नु पर्ने आवश्यकता रहन्छ । बजेटको सफल कार्यान्वयनका लागि हामीले तपाईंहरु सम्पूर्णको सकारात्मक मार्गदर्शन एवं रचनात्मक सल्लाह सुझावको अपेक्षा गरेका छौं । अन्त्यमा प्रस्तुत बजेट, योजना तथा कार्यक्रम निर्माण गर्नका लागि सल्लाह सुझव एवं मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण माथागढीवासी जनता, आदरणीय गाउँसभाका अध्यक्षज्यू सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिज्यूहरु, बुद्धिजिवीहरु, समाजसेवी, राष्ट्र सेवकहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु लगायत सम्पूर्णलाई सहयोगको निम्ति उच्च सराहना एवं सम्मानभाव प्रकट गर्दै हार्दिक आभार व्यक्त गर्दछु । साथै प्रस्तुत बजेट, योजना तथा कार्यक्रम सफल रुपमा कार्यान्वयन हुने अपेक्षा सहित बजेट बक्तव्य यही अन्त्य गर्दछु ।

धन्यवाद

" जय देश जय माथागढी "

निर्मला भट्टराई
उपाध्यक्ष
माथागढी गाउँपालिका

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७४

## आ.व. २०७८/०७९ को अनुमानित अनन्तरिक आम्दानी विवरण-

| क्र.सं | शिर्षक बिवरण | रकम रु |
|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | १०,००० - |
| २ | भुमि मालपोत कर | ५,००,००० - |
| ३ | घर बहाल कर | ४,१०,००० - |
| ४ | बहाल बिटौली कर | १०,००० - |
| ५ | सवारी साधन कर (साना) | १०,००,००० - |
| ६ | सरकारी सम्पत्तिको बिक्री | १०,००० - |
| ७ | परिक्षा शुल्क | १,००,००० - |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | १,५०,००० - |
| ९ | नक्शा पास दस्तुर | ५,००,००० - |
| १० | सिफारिस दस्तुर | १०,००,००० - |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,००० - |
| १२ | व्यवशायिक रजिष्ट्रेशन दस्तुर | ३,००,००० - |
| १३ | नाता प्रमाणित दस्तुर | १,००,००० - |
| १४ | अन्य दस्तुर | ७३,००,००० - |
| १५ | प्रशासनिक दण्ड जरिवाना जफत | १०,००० - |
| १६ | वेरुजु | २,१०,००० - |
| | जम्मा | ,००० - |

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७४

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चितकोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३१,२५,३४.४३४ | १९,१५,५४ | ० | ५०,४०,८८.४३४ |
| २ | | वडा समिति | ४२,०० | ५,०३,०० | ० | ५,४५,०० |
| ३ | | विषयगतशाखा | ० | ० | ० | ० |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | ३१,६७,३४.४३४ | २४,१८,५४ | | ५५,८५,८८.४३४ |